# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

## मीट मार्ट स्थापना कार्यक्रम सम्बन्धी सूचना ।

**सूचना प्रकाशित मिति २०७९/०७/१७**

दक्षिणकाली नगरपालिका अन्तर्गत पशु सेवा शाखा तर्फको संघीय सरकारबाट हस्तान्तरित आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकामा स्वच्छ र स्वस्थ्यकर मासु उत्पादन गरी उपभोक्ता सम्म पुऱ्याउने उद्देश्यले मीट मार्ट स्थापना कार्यक्रम भएको हँदा मीट मार्ट स्थापना कार्यक्रम संचालन गर्न ईच्छुक मासु व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात मिति २०७९/०८/१६ गते सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.स. | कार्यक्रम | मापदण्ड |
|---|---|---|
| १ | मीट मार्ट स्थापना कार्यक्रम | १. मीट मार्ट स्थापना कार्यक्रम ५०% लागत सहभागितामा गर्नु पर्नेछ ।<br>२. मासु बिक्री कक्ष बनाउने भित्तामा ६ फिट सेतो टाइल लगाइएको हुनुपर्नेछ र भुंईमा मार्वल बिछाउनु पर्नेछ ।<br>३. आउटलेट न्यूनतम ८०० वर्गफिटको मीट मार्टबाट निस्कने फोहोरको व्यवस्थापन हुनुपर्ने ।<br>४. कारोबार क्षमता अनुसार आवश्यक संख्यामा डिस्प्ले फ्रिज खरिद गर्नु पर्नेछ ।<br>५. विभिन्न प्रकारको मासु छुट्टा छुट्टै राखी बिक्री वितरण गर्नु पर्नेछ ।<br>६. प्याकेजिङ गरिएको विभिन्न किसिमको मासुलाई अलग अलग रेफ्रिजरेसन गर्नु पर्नेछ ।<br>७. पसलमा चिस्यान कायम गर्न बिजुलीको बैकल्पिक व्यवस्था भएको हुनु पर्नेछ ।<br>८. गुणस्तर तथा नाप तौल विभागबाट प्रमाणित इलेक्ट्रोनिक ब्यालेन्स हुनु पर्नेछ ।<br>९. मासु टुक्राउने, प्याकिङ र लेबल गर्ने मेसिन छुट्टै कोठामा हुनु पर्नेछ ।<br>१०. मीट मार्ट सञ्चालन हुने क्षेत्र भित्र पशु बध गर्न पाइने छैन ।<br>११. मीट मार्टमा कोल्ड रुम रहनु पर्नेछ ।<br>१२. पकाएको मासु पनि बिक्री गर्ने हो भने काँचो र पकाएको मासुलाई भिन्दा भिन्दै क्षेत्रमा राखि बिक्री गर्नु पर्नेछ ।<br>१३. ३ फेजको लाइन वा Voltage पुग्ने व्यवस्था गर्नु पर्नेछ ।<br>१४. मासुको स्वच्छ भण्डारण गर्न डिप फ्रिज कोल्डरुम आदिको व्यवस्था हुनु पर्ने । |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

२ जग्गा धनीको लालपुर्जा अथवा भाडाको जग्गा भएमा ५ वर्षको सम्झौता पत्र

३ नागरिकताको प्रमाण पत्र प्रतिलिपी

४ फार्म दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपि

५ व्यवसायिक कार्ययोजनाको ढाँचा

**सम्पर्क कर्मचारी**

सुशिला गैरे (पशु प्रा.स.)
९८४७०८३०५३

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत